# कपिलवस्तु जिल्लाको कपिलवस्तु न.पा. वडा नं ८ बेलौहा स्थित कोरी थरका दलित समुदाय माथि भएको सांघातिक हमला, कुटपिट तथा जातीय विभेद तथा छुवाछूतका सम्बन्धमा गरिएको स्थलगत अध्ययन प्रतिवेदन

२०७४



पीडित जगनारायण कोरी, कपिलबस्तु न.पा. ८, बेलौहा

प्रतिवेदन तयार गर्ने संस्थाः
समता फाउन्डेशन,
काठमाण्डौ नेपाल

सहकार्यः
राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर, नेपाल
नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, ललितपुर
जागरण मिडिया सेन्टर, काठमाण्डौ

१. **पृष्ठभूमि :**

कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नं ८ स्थित बेलौहामा कोरी थरका दलित समुदाय लगायत थारु तथा कुर्मी समुदायको जातीहरुको बसोबास रहेको पाईन्छ । गैर दलित समुदायका व्यक्तीहरुको आर्थिक हैसियत राम्रो देखिन्छ । गैर दलित समुदायका केही व्यक्तीहरुको जमीनदारको हैसियत भएको देखिन्छ । नगरपालिका संग जोडिएको बस्ती भएतापनि विकासका पूर्वाधारहरु कम मात्रामा भएको तथा उन्नत प्रकारको सामाजिक रहनसहनको विकास भएको देखिदैन । समुदायमा केही व्यक्ती बाहेक प्राय सबै व्यक्तीहरु हिन्दु धर्मालम्वी भएकोले धर्मकर्म लगायत पूजा आर्चनाको प्रचलन रहेको भेटियो । उक्त वस्तीमा रहेका दलित तथा गैर दलित व्यक्तीहरुले समय समयमा नजिकै रहेका विभिन्न मन्दिर तथा देवीका थानहरुमा पूजापाठ गर्दै आएको भेटियो । बैदेशिक रोजगारीमा गएको कारण दलित समुदायका केही व्यक्तीहरुको आर्थिक हैसियत सुधारोन्मुख अवस्थामा रहेको र दलित समुदायका व्यक्तीहरुको आर्थिक हैसियत विस्तारै माथि उठेको कारण सामाजिक चेतनाको स्तरमा केही वृद्धी भई शिक्षा आर्जनतर्फ ध्यान गएको तथा सामाजिक रुपमा हुने विभिन्न प्रकारका जातीय उत्पीडनको विरुद्धमा आवाज उठाउन थालेको कारण गैर दलित समुदायका व्यक्तीहरुमा उक्त कार्यले प्रत्यक्षरुपमा प्रभाव परेको देखियो । दलित समुदाय र ग्रैर दलित समुदायका बिचमा जातीयता कै आधारमा विभिन्न प्रकारका वादविवादहरु हुंदै आएको भेटियो । स्कुल व्यवस्थापन समितिको अध्यक्ष नियुक्तीको विषय, पशु चौपाय खेतवारीमा जाने विषय, खेतवारीमा मजदुरी गर्ने विषय र विवाह भोज लगायतका विभिन्न धार्मिक कार्यहरुमा दलित समुदायलाई विभेद गर्ने कार्य निरन्तर रुपमा हुंदै आएको भेटियो ।

यसैक्रममा हाल भैरहवा स्थित मेडिकल कलेजमा उपचार गराईरहेका घटनाका पीडित तथा घाईते राम परखन कोरी घटना हुनुभन्दा तीन दीन अगाडी मात्र बैदेशिक रोजगारीबाट घर फर्कनु भएको रहेछ । बैदेशिक रोजगारीबाट घर फर्कीएपछि खसी बाख्रा काटेर भोज भतेर गर्ने, नाचगान तथा रमाईलो गर्ने प्रचलन रहेकोमा उक्त वारदात भएको मिती र समयमा कोरी समुदायका व्यक्तीहरु नाचगान गर्दै रमाईलो गरीरहेकोमा गैर दलित समुदायका व्यक्तीहरुले उक्त दलित समुदाय (कोरी समुदाय) का व्यक्तीहरुमाथि सामुहीक रुपमा सांघातिक आक्रमण गरेकोमा तत्काल प्रहरीलाई खवर गरि प्रहरी आएको हल्ला थाहा पाएपछि ग्रैर दलित समुदायका व्यक्तीहरु घटनास्थलबाट भागेका रहेछन् । प्रहरी घटनास्थल पुगी आक्रमणकारीहरुको खोजतलास गर्दा धेरै व्यक्तीहरु फरार रही फेला नपरेता पनि तीन जना व्यक्तीहरुलाई तत्काल गिराफ्तार गरिएको थियो । तीन जना गम्भिर घाईतेहरुलाई भैरहवा स्थित मेडिकल कलेजमा उपचारको लागि लगिएको थियो । घाईते मध्येकाजग नारायण कोरीको हातको चार वटा औंला काटिएको तथा शरिरको विभिन्न भागमा चोटपटक लागेको र अन्य दुई जनाको टाउको तथा शरीरको विभिन्न भागमा गम्भिर रुपमा चोटपटक लागेको देखिन्छ ।

सो घटनाको विषयमा पिडितहरुले स्थानिय दलित संघ संस्था, मिडिया तथा अधिकारकर्मी लगायतलाई जानकारी गराए पश्चात घटना सार्वजनिक भएको थियो । घटना पश्चात पीडित पक्षहरुले पीडक हरुको विरुद्ध १३ जना व्यक्तीहरुलाई विपक्षी बनाई मुलुकी ऐन २०२० को ज्यान सम्बन्धी महल अन्तर्गत ज्यान मार्ने उधोग र जातिय भेदभाव तथा छुवाछुत (कसुर र संजाय) ऐन

२०६८ बमोजिम जातिय भेदभाव तथा छुवाछुत मुद्धा क्रमश मिति २०७४।०१।१७ र २०७४।०१।२६ मा जिल्ला प्रहरी कार्यलय कपिलवस्तुमा जाहेरी दरखास्त दिएकोमा उक्त मुद्धाको अनुसन्धानको कार्य सकिएकोले मिती २०७४ । ०२। ०४ मा जिल्ला सरकारी वकिल कार्यलय कपिलवस्तुले अदालतमा मुद्धा दायर गरेको थियो । थुनछेकको वहस पछि अदालतको आदेशले अभियोगपत्र साथ उपस्थित गराईएका तीन जना प्रतिवादीहरुलाई प्रतिव्यक्ती रु. ६५००० धरौटीमा रिहा गरिएको छ र फरार अभियुक्तको हकमा अदालतमा हाजीर हुने म्याद जारी गरिएको छ । उक्त दुई वटा मुद्दालाई कमजोर पार्ने मनसायले गैर दलित समुदाय (पीडक ) बाट पनि दलित समुदायका व्यक्तीहरु माथि मिति २०७४ । ०१ । २० गते ज्यान मार्ने उधोग र लुटपिट मुद्दा दायर भएको भेटियो र उक्त मुद्दामा एक जना व्यक्तीलाई गिराफ्तार गरिएकोमा अदालतको आदेशले रु.२००००। रुपैया धरौटीमा रिहा गरिएको छ

दलितहरुमाथि जातिय विभेद भएकोमा दलित अधिकारका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था,समाज तथा पार्टी निकटका भातृ संगठनहरुले आकस्मिक वैठक बसि घटनाको भर्त्सना गर्दै दोषीलाई कार्वाही गर्न आवाज व्यापक उठेको भेटियो । घटनाको सत्य तथ्य  पत्ता लगाउन स्थलगत अध्ययन गर्नका लागी राष्ट्रिय दलित आयोगका मा.सदस्य मन्जित ताम्राकारको  संयोजकत्वमा ८ सदस्सीय टोली घटनास्थलको स्थलगत अवलोकन गरी सरोकारवाला व्यक्तिहरु, पीडित समुदाय तथा सम्बन्धित सरकारी निकायहरु संगको छलफल एवं अनुसन्धान पश्चात यो प्रतिवेदन तयार गरिएको छ ।

## २. स्थलगत अध्ययनको उद्देश्य :

- **घटना सम्बन्धमा सत्यतथ्य पत्ता लगाई प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।**
- **पीडकलाई कारबाही र पीडितलाई न्यायका लागि सम्बन्धित निकायमा पहल गर्ने ।**
- **घटनाका विषयमा सरोकारवालाको ध्यानाकर्षण गर्ने ।**
- **घटना दोहोरिन नदिन  समुदायलाई सचेत गराउने ।**

**३. घटना मिति :** २०७३ साल वैसाख १६ गते

**४. स्थलगत भ्रमण मिति :** स्थलगत भ्रमण मितिः २०७४ जेठ ४, ५ र ६ गते

**५. अध्ययन टोलीका सदस्यहरु** :

- मन्जीत ताम्राकार टोली संयोजक (सदस्य नेपाल राष्टिय दलित आयोग)
- रामदेव पासी (केन्द्रिय सदस्य, नेपाल राष्ट्रिय दलित समाजकल्याण)
- रीमा विश्वकर्मा (नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ, कपिलवस्तु)
- डम्वर सिंह सुनार (अध्यक्ष, दलित ससत्तिकरण संस्था, कपिलवस्तु)
- निराजन परियार ( कार्यक्रम संयोजक, मानव अधिकार तथा सुसासन परियोजना)

- केशव भुल (जागरण मिडिया सेन्टर, काठमाण्डौ)
- सुनिता परियार (समता फाउण्डेसन, काठमाण्डौ)
- अधिबक्ता प्रकाश नेपाली (कानूनविध)

**६. तथ्य संकलन विधि :**

- **घटनास्थलको अवलोकन ।**
- **घटनाको विषयमा प्रकाशित सामग्रीहरुको अध्ययन ।**
- **घटना पीडित व्यक्तिहरु, प्रत्यक्षदर्शीहरु, स्थानीय सरोकारवालाहरु तथा पीडकसंग संग भेटघाट, अन्तर्वाता तथा कुराकानी ।**
- **सम्बन्धित सरकारी निकायका अधिकारी संग छलफल ।**

**७. घटनाका पीडितहरुको विवरण :**

- राम परखन कोरी
- जग नारायण कोरी
- राम देव कोरी
- जग नारायण कोरी
- आरती कोरी
- उर्मिला कोरी
- अवधराम कोरी
- राम सुभक कोरी बर्ष १६ को बेलौहा ८ कपिलवस्तु नगरपालिका
- पुष्पा धोवी
- तुलसीराम कोरी
- प्रहलाद कोरी
- सनाउला धुनिया
- अनारुल्ला धुनिया
- राजाराम कोरी
- राममणी कोरी

**८. घटना विवरण :**

कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नं ८ स्थित बेलौहा निवासी राम परखन कोरी बैदेशिक रोजगारीबाट घर फर्कनु भएकोमा गाउंघरको चलन अनुसार मिति २०७४/०१/१६ गतेका दिन राम परखन कोरी लगायत निजका परिवारहरु गाउंमा रहेको कारणमाई देविको थानमा पूजा गरि फर्कने क्रममा उक्त गाउंका ठूला ठाला तथा जमिनदार भनि चिनेनी श्रीपति चौधरी, जितेन्द्र चौधरी, लखपति चौधरी, रामानन्द चौधरी समेतका व्यक्तिहरुले दलित भएर किन आफ्नो खेतमा रहेको कारणमाईको मन्दिरमा पूजा गरेको, किन मन्दिर छोएको भनि निहुं खोजी जातीय आधारमा आत्मा सम्मानमा चोट पुग्ने गरि विभिन्न किसिमका गाली गलौज गरेको भएता सामान्य विवाद भई चुपचापसंग अन्याय सहेर आफ्नो घर फर्केका रहेछन् । घर फर्केपछि गाउंको प्रचलन अनुसार खसी बाख्रा समेत काटेर भोजभतेर गरी नाचगान गर्दै रमाईलो गर्नेक्रममा राम परखन कोरी नाच्ने क्रममा गैर दलित समुदायको घर आंगन नजिक पुग्दा गैर दलित समुदायका व्यक्तीहरुले बाल किसान चौधरीलाई समात्न पठाई निज राम परखन कोरी माथी सामुहीक रुपमा निर्घात रुपमा कुटपिट भएकोमा उक्त घटना देखेर निजका दाई जगनारायण कोरीले भाई राम परखन कोरीलाई उक्त सामुहिक आक्रमणबाट बचाई आफ्नै घरमा ल्याएपछि अं. ९.३० बजेको समयमा गैर दलित समुदायका करीव २२/२५ जना व्यक्तीहरुको समुहले हातमा लाठी खुकुरी बन्चरो जस्ता हात हतियार बोकी जगनारायण कोरी र राम परखन कोरी को घरमा आई निजहरु लगायत परिवारका अन्य सदस्यहरु समेतलाई कुटदै राम परखन कोरीलाई समातेर एकै पटकमा वली चढाइदिन्छु भन्दै निजको घांटीमा खुकुरी प्रहार गर्दा निजका दाई जगनारायण कोरीले उक्त खुकुरीको प्रहारलाई रोक्दा निजको हातको चारवटा औंला गम्भिर प्रकारले काटिएको र उक्त घटना निर्ममढंगको भएकोमा हारगुहार तथा होहल्ला भएपछि गाउंका कोरी समुदायका अन्य व्यक्तीहरुले थाहा पाई घटनास्थलमा आई आक्रमणकारीहरुलाई भगाउने प्रयास गरेको तथा प्रहरी समेतलाई खवर गरि प्रहरी आयो भनि हल्लाखल्ला गरेकोले आक्रमणकारीहरु उक्त स्थानबाट भागेका रहेछन् । घटना भएको करीव ५० मिनेट पछि मात्र प्रहरी घटनास्थल पुगेर आक्रमणकारीहरुको खोजतलास गरेको थियो । आक्रमणकारीहरु सबै फरार भईसकेकोले जम्मा तीन जना व्यक्तीहरुलाई मात्र प्रहरीले पकाउ गर्न सफल भएको थियो । घटनाका  तीन जना रु गम्भिर हघाईते व्यक्तीहरुलाई भैरहवा स्थित मेडिकल कलेजमा उपचारको लागि लगिएको थियो । घाईते मध्येका जग नारायण कोरीको हातको चार वटा औला काटिएको तथा शरिरको विभिन्न भागमा चोटपटक लागेको र अन्य दुई जनाको टाउको तथा शरीरको विभिन्न भागमा गम्भिर रुपमा चोटपटक लागेको देखिन्छ । निज गम्भिर घाईतेहरु उपचारको क्रममा अस्पतालमा नै हुनुहुन्छ । सो घटनाको विषयमा पिडितहरुले स्थानिय दलित संघ संस्था, मिडिया तथा अधिकारकर्मी  लगायतलाई जानकारी गराए पश्चात घटना सार्वजनिक भएको थियो । घटना पश्चात पीडित  पक्षहरुले पीडक हरुको विरुद्ध १३ जना व्यक्तीहरुलाई विपक्षी बनाई मुलुकी ऐन २०२० को ज्यान सम्बन्धी महल अन्तर्गत ज्यान मार्ने उधोग र जातिय भेदभाव तथा छुवाछुत (कसुर र संजाय) ऐन २०६८ बमोजिम जातिय भेदभाव तथा छुवाछुत मुद्धा क्रमश मिति २०७४/०१/१७ र २०७४/०१/२६ मा जिल्ला प्रहरी कार्यलय कपिलवस्तुमा जाहेरी दरखास्त दिएकोमा उक्त मुद्धाको अनुसन्धानको कार्य सकिएकोले मिती

२०७४/०२/०४ मा जिल्ला सरकारी वकिल कार्यलय कपिलवस्तुले अदालतमा मुद्धा दायर गरेको थियो । थुनछेकको वहस पछि अदालतको आदेशले अभियोगपत्र साथ उपस्थित गराईएका तीन जना प्रतिवादीहरुलाई प्रतिव्यक्ती रु. ६५००० धरौटीमा रिहा गरिएको छ र फरार अभियुक्तको हकमा अदालतमा हाजीर हुने म्याद जारी गरिएको छ । उक्त दुई वटा मुद्दालाई कमजोर पार्ने मनसायले गैर दलित समुदाय (पीडक ) बाट पनि दलित समुदायका १२ जना व्यक्तीहरु विरुद्ध मिति २०७४/०१/२० गते ज्यान मार्ने उधोग र लुटपिट मुद्दा दायर गरिएको छ र उक्त मुद्दामा एक जना व्यक्तीलाई गिराफ्तार गरिएकोमा अदालतको आदेशले रु.२००००। रुपैया धरौटीमा रिहा गरिएको छ । हाल चारवटा मुद्दाहरु कानूनी प्रकृयामा रहेका छन् ।

९. **घटनाका पीडित तथा प्रत्यक्षदर्शीहरुको भनाई** :

**राम देव कोरी** : म क्यासेटमा गीत सुन्दै अरु व्यक्तीहरु नाचेको हेरेर बसेको थिए । गाउंकै एकजना बच्चाले कुटपिट भएको खवर गरेपछि दौडदै घटनास्थल पुग्दा पीडक हरुले सबै जनालाई कुटिरहेका थिए । हातमा लाठी भाला तथा खुकुरी बोकेका थिए । कुटाई र खुकुरी प्रहारबाट भुईमा रगत बगिरहेको थियो । मैले लुकेर प्रहरीमा खवर गरे । प्रहरी आयो भनी बालबच्चाहरुलाई हल्ला गर्न लगाएपछि आक्रमणकारीहरु भागेका हुन् ।

**तिर्था कोरी** : मेरो देवर राम परखन कोरी केहि दिन अगाडी विदेशवाट घर आउनु भएकोले निजको घर परिवार खुसीले गाउको देबी मन्दिरमा पुजा गरी सांझ खसी काटी रमाईलो गर्ने योजना अनुसार मिति २०७४/०१/१६ गते सांझ निज देवरको घर परिवार संगै भएको बेला श्रीपति कुर्मी समेतका व्यक्तिहरुले हामीहरुलाई त चमार साले खेतमा रहेको माई मन्दिरमा पुजा गर्ने, तिमि दलित अछुतहरु खेतमा रहेको मन्दिरमा पुजा गरी खेतलाई नै अशुद्ध गर्ने, अपवित्र गर्ने भनि जातीय भेदभाव हुने गरी गाली गलौज गरी म समेतलाई प्रतिवादी रामनन्द चौधरी समेतका व्यक्तिहरुले हातमा हतियार, लाठी, खुकुरी समेत लिई आई ज्यान मार्ने मनसायले शरीरको सम्बेदनशिल भागमा हानी घाईते बनाएका हुन् ।

**सोनामति कोरी** : गाउंका लखपति कुर्मी समेतका व्यक्तिहरुले हामीहरुलाई पहिले देखि दवावमा राख्ने ज्याला मजदुरीमा काम लगाई न्युन पारिश्रमीक दिने जस्ता कार्यहरु गर्दै आएता पनि हामीहरुले गाउं घर हो भनि सहदै आएका थियौ । उक्त दिन मन्दिरमा पूजा गरी भन्ने रीसमा आक्रमण गरेका हुन् । सबै जनालाई कुटेर भागेका हुन् । मेरो शरीरको विभिन्न भागमा निलडाम छ ।

**उर्मिला कोरी** : मिति २०४७/०१/१६ गते सांझ गाउंको सबै देबी मन्दिरमा पुजा गरी घरमा आई खसी काटी रमाईलो गर्ने योजना बनाएको र सांझ श्रीपति कर्मीको खेतमा भएको काडर माई मन्दिरमा गई पुजा अर्चना गरी घर फर्कने क्रममा श्रीपति कुर्मी, जितेन्द्र चौधरी, र रामानन्द चौधरी लगायतका अन्य २०/२५ जना व्यक्तीहरुले हातमा लाठी डण्डा, धारिलो हतियार खुकुरी सहित हामीलाई ज्यानै मार्ने नियतले कुटेका हुन् ।

**आरती कोरी** : गाउंको रामपरखन कोरी रोजगारको लागि विदेश गई राम्रो संग घर फर्की आएको खुसीमा निजको घर परिवारले मिति मिति २०४७/०१/१६ मा सबै देबी मन्दिरमा पुजा गरी घरमा आई खसी काटी रमाईलो गर्नेक्रममा एक्कासी श्रीपति कुर्मी, जितेन्द्र चौधरी, र रामानन्द चौधरी लगायतका अन्य २०/२५ जना व्यक्तीहरुले हातमा लाठी डण्डा, धारिलो हतियार खुकुरी सहित हामी माथि आक्रमण गरि म लगायत अन्य धेरै व्यक्तीहरुलाई सख्त घाईते हुने गरि कुटेर भागेका हुन् ।

**एकता कोरी** :
गाउंको रामपरखन कोरी रोजगारको लागि विदेश गई राम्रो संग घर फर्की आएको खुसीमा निजको घर परिवारले मिति २०४७/०१/१६ मा सबै देबी मन्दिरमा पुजा गरी घरमा आई खसी काटी रमाईलो गर्नेक्रममा एक्कासी प्रभु प्रसाद कुर्मी, शम्भु प्रसाद कुर्मी, लखपति कुर्मी, कबिन्द्र चौधरी, छोटु भन्ने राम दयाल चौधरी, बाल किसन चौधरीले हातमा लाठी डण्डा लिई आई गाली गलौज गरी जग नारायण कोरी, राम परखन कोरी, तिर्था कोरी, सद्धा कोरी समेतलाई ज्यान मार्ने मनसायले हतियारले तथा लाठीले प्रहार गरी घाईते बनाई पुलिस आयो भन्ने सुनेर भागेका हुन् ।

**१०. घटनाका पीडक पक्षको भनाई** :

**बविता चौधरी** : हाम्रो कुखुरा फार्मको जाली तथा ढोका समेत तोडफोड गरि कुखुरा फर्ममा हामीले काम गर्न राखेको मानिस बाल किसन चौधरीलाई नियन्त्रणमा लिएर कुटपिट गरि कुखुरा चोर्न खोज्दा होहल्ला भई मैले समेत थाहा पाएको कारण मेरो घरको छतबाट हल्ला गरेपछि अन्य चौधरीहरु जम्मा भई दुई जना चोरलाई समातेकोमा कोरी समुदायका मान्छेहरु सबैले टाउकोमा हेलमेट लगाएर हातमा बन्चरो लिएर हामी संग लड्न आएका थिए । दुवै पक्षबाट कुटाकुट हुंदा केही व्यक्तीहरु सामान्य घाईते भएका थिए । उक्त समयमा हातको औंला काटिएको थिएन । हातको औला कसरी काटियो, टाउकोमा चोट कसरी लाग्यो थाहा भएन । चौधरी समुदायका व्यक्तीहरुको कुटपिटबाट घाईते भएका होईनन् ।

**शिव पुजन धोवी** : श्रीपति कुर्मीको कुखुरा फार्ममा बाल किसान चौधरीलाई जग नारायण कारी समेतका व्यक्तीहरुले गाली गलौज कुटपिट समेत गरि कुखुरा फार्मको जाली तथा ढोका तोडफोड गरि कुटपिट गर्दा उक्त घटना भएको हो ।

**चौधरी समुदायका केही व्यक्तीहरु** : घटनाका बारेमा हामीलाई केही थाहा छैन । धेरै रक्सी खाएर मातिएको कारण झगडा भयो रे भनी भोलीपल्ट सुनेको हो । के कसरी घाईते भए थाहा छैन ।

**११. घटनाका पीडित तथा प्रत्यक्षदर्शीहरुको भनाईरु** :

- **दलित समुदायका व्यक्ती** राम देव कोरी साविक दोहनी गा.वि.स. वडा नं ६ बेलौहा (हाल कपिलवस्तु न.पा. वडा नं ८) स्थित श्री राम जानकी आधारभुत विधालयको व्यवस्थापन समितिको अध्यक्ष भएपछि गैर दलित समुदायमा रीसईवीको भावानाको विकास भएको ।

- दलित समुदायका व्यक्तीहरुले पालेका कुखुरा बाख्रा कहिले कांही गैर दलित समुदायको खेतमा जादा वादविवाद हुने गरेको ।
- थोरै ज्याला दिने गरेको कारण दलित समुदायका व्यक्तीहरु गैर दलित समुदायको घरखेतमा ज्याला मजदुरी गर्न जान छोडेको ।
- दलित दलित समुदायका व्यक्तीहरुलाई खेतको आलीमा हिड्दा समेत जातीय विभेद गरिएको ।
- घटना पश्चात दलित समुदायका वालवच्चामा डर, त्रास तथा भय रहेको ।
- डर तथा भयको कारण दलित समुदायका वालवालिका स्कुल जान नमानेको ।
- समग्र दलित समुदायमा डर त्रास रहेको ।
- राम परखन कोरी र जग नारायण कोरी गम्भिर रुपमा घाईते भएको ।
- जग नारायण कोरीको खुकुरी प्रहारबाट हातका चारवटा औंलाहरु काटिएको ।
- दलित समुदायका धेरै महिलाहरु घाईते भएका । टाउको लयायत शरीरको विभिन्न भागमा चोटपटक लागेको ।
- घटनाका घाईते लगायत दलित समुलायका १२ जना व्यक्तीहरुलाई झुट्टा मुद्दामा फसाउने नियतले ज्यान मार्ने उधोग र लुटपाट जस्ता झुट्टा मुद्दाहरु दर्ता गरिएको ।
- घटना पश्चात पनि दलित समुदायका व्यक्तीहरुलाई गैर दलित समुदायका व्यक्तीहरुलाई डर,धाक धम्की दिईएको ।

**१२. अध्ययन भ्रमण गरिएका स्थानहरु तथा निकायहरु :**

- घटनास्थल ।
- स्थानीय दलित अधिकारकर्मी ।
- स्थानीय संचारकर्मी ।
- घटनाका पीडित तथा पीडित परिवारका सदस्यहरु ।
- घटनास्थलका पीडक  परिवारका सदस्य तथा छिमेकीहरु
- सरकारी वकिल कार्यलय ।
- जिल्ला प्रहरी कार्यलयका प्रमुख
- जिल्ला प्रसासन कार्यलय

**१३. घटनाका विरुद्ध आकर्षित हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरु :**

- **नेपालको संविधान** २०७२ **को धारा** २४ (१ र ३), १६, १८ (३),२६, २९, ३४ **र** ४२ **को** विपरित कार्य भएको देखिएको ।
- **सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि** १९६५(ई.स.) **को** विपरित कार्य भएको देखिएको ।
- जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ ले व्यवस्था गरेको कानूनी व्यवस्था विपरित कार्य भएको देखिएको ।
- नागरिक अधिकार ऐन २०१२ को दफा ३ विपरित कार्य भएको देखिएको ।

**१४. सुझावहरुः तथा निश्कर्ष**

**निष्कर्षः** साविक दोहनी गा.वि.स. वडा नं ६ बेलौहा ((हाल कपिलवस्तु न.पा. वडा नं ८) स्थित श्री राम जानकी आधारभुत विधालयमा दलित समुदायका विधार्थीको संख्या अन्य समुदायको भन्दा बढी रहेकोमा सर्वसम्मत सहमती अनुसार दलित समुदायका राम देव कोरीलाई उक्त विधालयको व्यवस्थापन समितिको अध्यक्ष बनाईएकोमा निज अध्यक्षले विधालय व्यवस्थापनको कार्य राम्रोसंग गरि विधालयको स्तर उन्नती भएपश्चात गैर दलित समुदायबाट पनि विधालयको व्यवस्थापन समितिको अध्यक्षमा हकदावी भए पश्चात दलित र गैर दलित समुदायका बिचमा रिसइवी तथा प्रतिस्पर्धाको वातावरण सृजना भएको देखिन्छ । तत्पश्चात गैर दलित समुदायबाट दलित समुदायका व्यक्तीहरुलाई अस्विकार गर्ने, सानो सानो कुरामा पनि बादविवाद गर्ने, कुखुरा चोर, बाख्राचोरको आरोप लगाउने, जातीय विभेद तथा छुवाछूतजन्य व्यवहारलाई अझै बढावा दिने, थोरै ज्यालामा काम गर्न बाध्य बनाउने जस्ता अन्यायपूर्ण कार्यहरु गर्दै आएको देखिन्छ । दलितहरुलाई हामी गैर दलित समुलायका व्यक्तीहरुले शासन गर्नुपर्छ भन्ने मानसिकताले काम गरेको देखिन्छ । “जातीय भेदभाव तथा छुवाछुतका आधारमा भएगरेका विभिन्न चरणका वादविवाद तथा घटना परिघटनाहरुको चरम उत्कर्षको रुपमा मिति २०४७/०१/१६ **मा** कपिलवस्तु न.पा. वडा नं ८ स्थित बेलौहामाउक्त **घटना भएको देखिन्छ ।**

उक्त घटना वर्तमान नेपालको संविधान २०७२ को धारा १६ अनुसार सम्मानपूर्वक बांच्न पाउने हकको विरुद्ध, धारा १७ अनुसार स्वतन्त्रताको हकको विरुद्ध, धारा १८ अनुसार समानताको हकको विरुद्ध, धारा २४ अनुसार छुवाछूत तथा भेदभाव विरुद्धको हकको विरुद्ध, धारा २६ अनुसार धार्मिक स्वतन्त्रताको हक विरुद्ध, धारा २९ अनुसार शोषण विरुद्धको हकको विरुद्ध, धारा ३४ अनुसार श्रमको हकको विरुद्ध तथा धारा ४२. सामाजिक न्यायको हकको विरुद्धको कार्य भएको देखिन्छ । संवैधानिक व्यवस्ताका अलवा “जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८” तथा “सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५” ले व्यवस्था गरेका कानूनी अधिकारहरु समेतको विपरितको कार्य देखिन्छ ।

(ख) सुझावः

- पीडक लाई विधमान कानून जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ अनुसार हदैसम्मको कानूनी कारवाही गर्नुपर्ने ।
- ज्यानै सम्म मार्ने नियतले दलित समुदाय माथि सांघातिक हमला भएकोले दोषीलाई मुलुकी ऐन ज्यान सम्बन्धिको महल अनुसार हदैसम्मको कानूनी कारवाही गर्नुपर्ने ।
- पीडित, पीडितका परिवार तथा घटनाका प्रत्यदर्शी लगायत मुद्दाका साक्षीहरुको सुरक्षाको ग्यारेन्टी गरिनुपर्ने ।
- यस प्रकारको जातिय भेदभाव तथा छुवाछुत जस्ता घटनाले पीडित दलित समुदायहरुको स्वतन्त्रता पूर्वक वांच्न पाउने मौलिक अधिकार र आफूले इच्छाएको धर्मको स्वतन्त्रता पूर्वक अभ्यास गर्न पाउने समेतका मौलिक हकको हनन भएको हुंदा अविलम्व राज्यवाट सो को उपयोग गर्न पाउने अधिकारको सुनिश्चितता गरिनुपर्ने ।
- यस्ता किसिमका घटनाहरु भविष्यमा दोहोरिन नदिन र समाजमा सद्भाव कायम राख्न नेपाल सरकारले प्रभावकारी रुपमा स्थानिय प्रशासनको नेतृत्वमा सचेनामुलक विशेष अभियान सन्चालन गर्नुपर्ने ।
- राष्ट्रिय मानवअधिकार आयोग, दलित आयोग तथा अन्य मानवअधिकार संघ सस्थाहरुले पीडितलाई न्याय दिलाउन र छुवाछुतका घटनामा कमी ल्याउन विषेश पहल गर्नुपर्ने ।
- जातिय भेदभाव तथा छुवाछुतजन्य व्यवहार विरुद्ध दलित तथा गैर दलित समुदायका विचमा सचेतनामुलक कार्यक्रम संचालन गर्नूपर्ने तथा नेपाल सरकारले छुवाछुतजन्य व्यवहारलाई निरुत्साहित गर्नको लागी कानुनको प्रभावकारी कार्यन्वयनमा जोड दिनु पर्ने ।

**अध्ययन टोलीको नाम र हस्ताक्षर** :

१. मन्जीत ताम्राकार टोली संयोजक (सदस्य नेपाल राष्टिय दलित आयोग)

२. रामदेव पासी (केन्द्रिय सदस्य, नेपाल राष्ट्रिय दलित समाजकल्याण)

३. रीमा विश्वकर्मा (नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ, कपिलवस्तु)

४. डम्वर सिंह सुनार (अध्यक्ष, दलित ससत्तिकरण संस्था, कपिलवस्तु)

५. निराजन परियार ( कार्यक्रम संयोजक, मानव अधिकार तथा सुसासन परियोजना)

६. केशव भुल (जागरण मिडिया सेन्टर, काठमाण्डौ)

७. सुनिता परियार (समता फाउण्डेसन, काठमाण्डौ)

८. अधिबक्ता प्रकाश नेपाली (कानूनविध)

अनुसुचीः

(१) अनुगमन तथा घटना सम्बन्धि केही फोटोहरु :










23
24

